# Prithvi Wangmaya

(A Peer-Reviewed & NepJOL Indexed Journal)
Vol. 15, 2025 (Print ISSN: 2565-490X)
Email: rmc.nepali@pncampus.edu.np
URL: https://ejournals.pncampus.edu.np/ejournals/pw/

Department of Nepali
Tribhuvan University
Prithvi Narayan Campus
Pokhara, Nepal

# जानुका खतिवडाको *आतोओडा* उपन्यासमा सीमान्तीयता
## (Marginality in Januka Khatiwada's Novel *Aato Oda*)

**गिरबहादुर खड्का (Gir Bahadur Khadka)**
नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा
(Department of Nepali, Prithvi Narayan Campus, Pokhara)

**Article History:**
Receved 23 June 2025, Reviewed 28 July 2025, Accepted 31 August 2025
**Corresponding Author:**
Gir Bahadur Khadka; Email: khadkagirwan@gmail.com
DOI : https://doi.org/10.3126/pw.v15i1.85739

**सार** (Abstract)

प्रस्तुत आलेख उपन्यासकार जानुका खतिवडाद्वारा लेखिएको आतोओडा उपन्यासलाई सीमान्तीय कोणबाट अध्ययन गर्ने उद्देश्यले तयार पारिएको हो । उपन्यासले पूर्वी नेपालको झापा जिल्लाका विभिन्न स्थानमा बसोबास गर्ने सन्थाल जातिका मानिसको जीवन भोगाइका बहुआयामिक पक्ष प्रस्तुत गरेको छ । यस आलेखमा यो सीमान्तकृत समुदायप्रति समाजको प्रभुत्वशाली वर्गको दृष्टिकोण र व्यवहार तथा यस समुदायका व्यक्तिमा रहेको प्रतिरोधी चेतनाको अध्ययन गरिएको छ । आलेखमा सन्थाल समुदायले भोगेको वर्गीय, लैङ्गिक र जातीय सीमान्तीयता कसरी अभिव्यक्त भएको छ र पीडित व्यक्तिमा प्रतिरोधी चेतनाको स्थिति कस्तो छ भन्ने जिज्ञासाको समाधान खोज्ने प्रयत्न गरिएको छ । यसका लागि पुस्तकालय कार्यद्वारा प्राथमिक र द्वितीयक स्रोतका सामग्री सङ्कलन गरी तिनको अध्ययन विश्लेषण गरिएको छ । सबाल्टर्न अध्ययन सम्प्रदायका सीमान्तीयतासम्बन्धी मान्यतालाई कृति विश्लेषणको मुख्य सैद्धान्तिक आधार बनाइएको छ । सन्थाल जातिमा प्रतिरोधी चेतनाको विकास हुन नसक्दा प्रभुत्वशाली वर्गले उनीहरूमाथि दमन गरिरहेको कुरालाई यस उपन्यासमा मुख्य विषय बनाइएको छ । अध्ययनको अन्त्यमा सङ्कलित सामग्रीको अध्ययन विश्लेषणबाट प्राप्त तथ्यका आधारमा विवेच्य उपन्यासले सन्थाल जातिको वर्गीय, लैङ्गिक र जातीय सीमान्तीयता उजागर गरेको र उनीहरूमा शोषण र उत्पीडनविरुद्ध प्रतिरोधी चेतना अपेक्षित रूपमा विकास नभएको निष्कर्ष निकालिएको छ । (The present paper aims to study *Aato Oda*, a novel by Januka

*Copyright 2025 © The auther/s. This work is licensed under a* Creative Commons Attribution 4.0 International (CC BY 4.0) License.

Khatiwada from the perspective of marginalization. The novel depicts the lives of Santhal caste who live in the eastern part of Jhapa District in Nepal. In this paper, the perception and behavior of dominant groups on the marginalized communities who resist against dominance. The paper also depicts how the Santhal communities have experienced the marginalization in terms of class, gender and caste, and how they resist against the dominant groups. To address these issues, the study has adopted library research method, using both primary and secondary sources of information. The concept of subalternity that studies marginalization has been considered the main theoretical framework. The findings of the study suggest that due to lack of resistant consciousness in the Santhal communities, the dominant groups have repressed them. The study concludes that the novel has explored the marginalization of Santhal communities in terms of class, gender and caste, and they have not rasied voice against exploitation and discrimination inflicted upon them.)

**शब्दकुञ्जी** (Keywords) : अल्पसङ्ख्यक, सीमान्तीयता, विस्थापन, शरणार्थी (Minority, marginalization, displacement, refugee)

## विषयपरिचय

उपन्यासकार जानुका खतिवडाद्वारा रचना गरिएको आतोओडा (२०७९) उपन्यासलाई यस लेखमा सबाल्टर्न अध्ययन सम्प्रदायका सीमान्तीयतासम्बन्धी मान्यताका आधारमा विश्लेषण गरिएको छ। जानुका खतिवडा समाजका यथार्थलाई विशेष रूपमा अभिव्यक्त गर्ने उपन्यासकार हुन् । विशेष गरी सीमान्तीकृत वर्गका समस्यालाई आख्यानका माध्यमबाट सशक्त रूपमा प्रस्तुत गर्ने जानुका खतिवडाले यस उपन्यासमा अल्पसङ्ख्यक सन्थाल/सतार जातिले भोग्नुपरेको पीडा, सहनुपरेको दमन र भूमिहीन हुनुपरेको अवस्थालाई मूल कथ्य बनाएको देखिन्छ। उपन्यास समाजको एक अल्पसङ्ख्यक सीमान्तकृत वर्ग सन्थाल समुदायको विगत, वर्तमान र सम्भावित भविष्यको समेत सङ्केत गर्ने विषयमा केन्द्रित उपन्यास हो। २०७९ सालमा प्रकाशित यस उपन्यासका बारेमा सामान्य चर्चा परिचर्चा भए पनि पछिल्लो समयमा प्रभावशाली रूपमा देखिएको सबाल्टर्न अध्ययनको सीमान्तीयतासम्बन्धी कोणबाट यस कृतिको विश्लेषण नगरिएकाले ज्ञानको रिक्तता देखिएको छ। ज्ञानको सोही रिक्तताको परिपूर्तिका लागि यस उपन्यासमा वर्गीय, लैङ्गिक र जातीय सीमान्तीयता कसरी प्रकट भएको छ र पीडित व्यक्तिहरूमा प्रतिरोधी चेतना कस्तो छ भन्ने प्राज्ञिक जिज्ञासाको समाधान गर्ने उद्देश्यले यो लेख तयार पारिएको हो। अन्य आधारमा यस कृतिको विश्लेषण नगर्नु तथा जानुका खतिवडाका अन्य कृतिको अध्ययन नगर्नु यस अध्ययनको सीमा रहेको छ। वर्गीय, जातीय र लैङ्गिक सीमान्तीयतालाई यस अध्ययनमा विश्लेषणका लागि सूचकका रूपमा उपयोग गरिएको छ। प्रभुत्वशाली वर्गले सीमान्तकृत वर्गमाथि गरेको उपेक्षा वर्गीय सीमान्तीयता हो । लिङ्गका आधारमा विभेद गरी मूलतः पुरुषले नारीमाथि गर्ने दमन लैङ्गिक सीमान्तीयता हो । जातका आधारमा सानो र ठूलो भनी विभेदको भावना सिर्जना गर्नु जातीय सीमान्तीयता हो। यस आधारमा गरिएको यो अध्ययन प्राज्ञिक, मौलिक र नवीन भएकाले उपयोगी र औचित्यपूर्ण देखिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनमा मूलतः विवेच्य कृतिमा वर्गीय, लैङ्गिक र जातीय सीमान्तीयता पाइन्छ भन्ने दाबी गरिएको छ। उक्त दाबीलाई पुष्टि गर्नका लागि आतोओडा उपन्यासको गहन अध्ययन गरिएको छ। पुस्तकालय कार्यबाट प्राथमिक र द्वितीयक स्रोतका सामग्री सङ्कलन गरिएको छ। अध्ययनमा आतोओडा उपन्यास प्राथमिक स्रोतको सामग्री र द्वितीयक स्रोतका रूपमा सीमान्तीयताको सिद्धान्तसँग सम्बद्ध सैद्धान्तिक सामग्री रहेका छन्। सङ्कलित सामग्रीको अध्ययनपश्चात् प्राप्त तथ्य र साक्ष्यलाई आधार बनाई पाठ विश्लेषण विधिको प्रयोग गरी समस्याको समाधान गरिएको छ। यस अध्ययनमा जातीय सीमान्तीयता, वर्गीय सीमान्तीयता र लैङ्गिक सीमान्तीयतालाई अवधारणात्मक ढाँचाका रूपमा उपयोग गरिएको छ।

## *सैद्धान्तिक आधार*

कुनै पनि कृतिको अध्ययन विश्लेषण गर्ने अनेक सैद्धान्तिक दृष्टिकोणहरू हुन्छन्। कृतिको अध्ययन विश्लेषण गर्ने त्यस्ता विभिन्न दृष्टिकोणमध्ये सबाल्टर्न अध्ययन सम्प्रदायका सीमान्तीयतासम्बन्धी मान्यता पछिल्लो महत्त्वपूर्ण दृष्टिकोण हो। सीमान्तीय वा सीमान्तकृत वर्गलाई अङ्ग्रेजीमा सबाल्टर्न भनिन्छ। नेपालीमा यस वर्गलाई सीमान्तकृत मात्र नभनेर अवरजन, अधीनस्त, पिछडावर्ग आदि शब्दले पनि चिनिन्छ। सांस्कृतिक अध्ययनभित्र देखिने सीमान्तीय अध्ययनले मूल धारमा नसमेटिएका तथा किनारामा रहेका वर्ण, वर्ग तथा नश्लहरूका जीवनभोगाइलाई विषय बनाउँछ ( सुब्बा, सन् २०११, पृ. ६०)। सांस्कृतिक अध्ययनले उत्पीडनमा परेका मानिसको अध्ययन गर्नुपर्ने कुरा जनाउँछ। साहित्यको सीमान्तीय अध्ययन समाजका व्यक्ति वा समूहको अध्ययन भएकाले यो सांस्कृतिक अधययनभित्र पर्दछ र मार्क्सवाद, नवमार्क्सवाद र उत्तरऔपनिवेशवादसँग पनि जोडिएको छ (शर्मा, २०७०, पृ. ३२५)। सीमान्तीय अध्ययनले आर्थिक, सामाजिक, राजनीतिक, भौगोलिक, सांस्कृतिक, भाषिक, शैक्षिक जस्ता आधारमा पछाडि परेका वा पारिएका व्यक्ति वा समुदायका आवाजलाई उठाउँछ। सबाल्टर्नका सन्दर्भमा सैद्धान्तिक दृष्टिकोण अघि सार्ने विद्वान् फुको भन्छन्-

> निमुखाहरूले आफ्नो प्रतिनिधित्व आफै गर्न सक्तैनन्। एकातिर सीमान्तकृत समूहको प्रतिनिधित्व गर्ने कोसिसमा तिनको संवेदना र जीवन अनुभवलाई बङ्ग्याएर प्रस्तुत गर्दै तीप्रति सांस्कृतिक हिंसा गरिएला कि भन्ने डर। अर्कोतिर त्यस डरले गर्दा तिनका बारेमा लेख्न, बोल्न छाडेमा ती पछाडि परेकाहरू मौनताका पर्दा पछाडि ठेलिँदै अझै झन् ओझेलमा पर्न जालान् कि भन्ने चिन्ता (उप्रेती, २०६८, पृ. २८५)।

यसै सन्दर्भमा गायत्री स्पीवाक थप्छिन्-

> जे जस्तो भए तापनि बौद्धिक वर्गले सबाल्टर्न समूहहरूको प्रतिबिम्बन/प्रतिनिधत्व गर्ने काम छोड्नु हुँदैन (ऐजन)। सीमान्तकृत वर्गले समाजमा विभिन्न अघात भोगिरहेको हुन्छ। यो वर्गले प्रायः विस्थापनका सन्दर्भमा बारबार यस्तो आघात भोग्छ। श्रम विनिमय गर्नुपर्दा, शरणार्थी हुनुपर्दा, विस्थापन हुनुपर्दा, अस्तित्व संरक्षणको सङ्घर्ष गर्नुपर्दा, महत्त्वाकाङ्क्षाको परिपूर्ति गर्नुपर्दा जन्मिएको मानसिक आघात अभिघात हो (सुवेदी, २०६८, पृ. १४३)। यो वर्ग प्रायः खेदिने त्रासमा बाँचेको हुन्छ। सीमान्तीय अध्ययनले किनारामा रहेका र राज्यको मूल धारमा नसमेटिएकाहरूको आवाजलाई उठाउँछ। अङ्ग्रेजी शब्द सबाल्टर्नले सदियौँदेखि शासित,

आवाजविहीन तथा इतिहासविहीन वर्गलाई जनाउँछ (श्रेष्ठ, २०६८, पृ. १) । अल्पसङ्ख्यक, धार्मिक, सांस्कृतिक, भाषिक समूहलाई प्रबलताको परिप्रेक्ष्यमा हेर्नका लागि किनाराको चेतना अपरिहार्य छ (भट्टराई, २०६४, पृ. ५१) । साहित्य समालोचनाको सीमान्तीय अध्ययनले भूगोल, धर्म, जाति, लिङ्ग, वर्गका आधारमा सीमान्तकृत समुदायको प्रतिनिधित्व कसरी भएको छ भन्ने पक्षको खोजी गर्दछ । समाजका प्रभुत्वशाली वर्गले सीमान्तकृत वर्गका मानिसलाई कस्तो व्यवहार गर्छन्, सीमान्तकृत वर्गका मानिसले आफ्नो अवस्थालाई कसरी लिन्छन् र उनीहरूमा प्रतिरोधी चेतना छ वा छैन भन्ने आधारमा कृतिको विश्लेषण गरिन्छ ।

## विमर्श र नतिजा

जानुका खतिवडाद्वारा लेखिएको आतोओडा उपन्यास २०७९ सालमा प्रकाशित भएको हो । यस उपन्यासले अल्पसङ्ख्यक सन्थाल जातिको विगत देखाएको छ, वर्तमान बताएको छ र भविष्यको स्पष्ट सङ्केत गरेको छ । यसमा नेपालको पूर्वी तराईमा पाइलो टेक्ने जमिन र ओत लाग्ने छानो जुटाउने सपना साकार पार्ने नाममा सिङ्गो आयु खर्च गर्दा पनि सफल हुन नसकेका सन्थाल/सतार जातिको वास्तविक जीवन भोगाइलाई मूल विषय बनाइएको छ । यो कृति अधिकारविहीन, पहिचानहीन र भूमिहीन बनाइएका पूर्वी नेपालमा ठाउँ सर्दै छतको खोजीमा भौँतारिँदै गरेका सन्थाल जातिको सङ्घर्षको कथा-व्यथा हो । राज्यव्यवस्थाले र समाजव्यवस्थाले अल्पसङ्ख्यक सन्थाल जातिलाई कसरी केन्द्रबाट छेउ/किनारातिर धकेलेको छ भन्ने जिज्ञासा मेटाउन सफल यस उपन्यासमा सन्थाल समुदायका मानिसको जीवनभित्रका प्रेम, त्याग, समर्पण, प्रतिरोध र विविध सम्बन्धहरू पनि प्रकट भएका छन् । उपन्यासमा नायिका फूलमुनि र सुराहीको प्रेमाकर्षण, विवाह र विघटित पारिवारिक जीवनभोगाइ तथा पछि बुधिनसँगको पुनर्विवाह एवं घरको चाहनालाई मुख्य विषय बनाइएको छ । आतोओडा सन्थाल भाषाको शब्द हो । नेपालीमा गाउँवस्ती अर्थ बुझाउने यस उपन्यासमा सन्थाल वस्तीभित्रका जीवनका बहुआयामिक पक्ष देखाइएको छ । यसमा लुखी र बुधिनको टुटेको प्रेम कहानी पनि छ, सन्थाल युवा तुरसाको प्रतिरोधी चेतनाको प्रतिफल पनि छ अनि सन्थाल जातिमाथिका ज्यादती र विस्थापनका घटनाको नालीबेलीसमेत छ । यस लेखमा सीमान्तीयतासम्बन्धी वर्गीय, लैङ्गिक र जातीय अवधारणाका आधारमा आतोओडा उपन्यासको अध्ययन गरिएको छ ।

### *वर्गीय सीमान्तीयता*

आतोओडा उपन्यासमा वर्गीय सीमान्तीयता पाइन्छ । उपन्यासमा मूल रूपमा वर्गीय समाजको चित्रण छ । समाजमा आर्थिक वितरणको अवस्था समान नहुँदा विपन्न वर्गका मानिस सीमान्तकृत बन्न पुगेका छन् । नेपाली साहित्यका सन्दर्भमा मार्क्सवाद सबाल्टर्न अध्ययनको सबैभन्दा वैज्ञानिक र विश्वासिलो चिन्तन पद्धति हो (बराल, २०७७, पृ. २०८) । सत्ता र शक्तिमा प्रभुत्व जमाएका समाजका उच्च वर्गको शोषण, दमन र उत्पीडनका कारण वर्गीय दृष्टिले सीमान्तकृत समुदायका मानिसहरू दयनीय जीवन जिउन बाध्य हुन्छन् । आतोओडा उपन्यासमा वर्गीय दृष्टिले सीमान्तकृत बनेका विपन्न वर्गका प्रतिनिधि पात्रहरूले भोग्नुपरेको दयनीय जीवनको चित्रण गरिएको पाइन्छ । उपन्यासमा प्रयुक्त विभिन्न पात्रहरूमध्ये फूलमुनि, सुराही, बुधिन, लुखी, शुकरदेव, लक्खी मुर्मु, तुरसा, लट्टुमई, सोमु लगायतका पात्रले निम्न वर्गको

प्रतिनिधित्व गरेका छन् । वरगाछीको भट्टराई, चौनी खेतको मालिक, हली गोठाला राख्ने प्रायः सबै जमिनदारहरू, पहाडे समुदायका नयाँ मालिक, वडाध्यक्ष, नेता, सरकारी हाकिम, नगरपालिकाका कर्मचारी लगायतले उच्च वर्गको प्रतिनिधित्व गरेका छन् । उपन्यासमा उच्च वर्गका पात्रहरूले मालिकका रूपमा निम्न वर्गका पात्रहरूको वर्षौंदेखि श्रमशोषण गरिरहेका छन् । शुकरदेव, सुराही, सनुमई, विजेको बाबु लगायतका व्यक्तिहरू जीवनभर मालिकका घरमा काम गर्छन् तर पाइलो टेक्ने जमिन र टाउको ओताउने छत जुटाउन सक्तैनन् । दिनरात नभनी झरी हुरीमा पनि काममा जोतिने निम्न वर्गका पात्रहरू जीवनका आधारभूत आवश्यकता जुटाउन नसकेर दयनीय जीवन बाँच्न विवश छन् । खाई नखाई एक लाख रुपियाँ जुटाएर १० धुर जग्गाका लागि चौनी खेतको मालिकलाई बुझाएको पैसा मालिकले बेइमानी गरी खाइ दिएपछि, बल्ल तल्ल बनाएको आफ्नो घर अर्कै कित्तामा परेकाले छोड्नु पर्दाको घटनाले बुधिन र फूलमुनिको जुन दुरावस्था भयो, यस घटनाले प्रभुत्वशाली वर्गले कसरी निम्न वर्गको शोषण गर्दै आएको छ भन्ने तथ्यलाई उजागर गरेको छ । नागरिकताका लागि भौँतारिँदा बुधिनले भोग्नुपरेको पीडासँगै उपन्यासमा अशिक्षित निम्न वर्गका मानिसलाई राज्य र समाज व्यवस्थाभित्रका प्रभुत्वशाली वर्गले विगतदेखि नै निम्न वर्गका मानिसमाथि शोषणचक्र चलाई कहिल्यै उठ्न नसक्ने गरी थेचारेको तथ्यको खुलासा गरेको छ । माझीहडाम (मुखिया) का अनुसार मेची पुल तरेर जङ्गल फाँडी वस्तीको सुरुवात गर्ने यो श्रमिक वर्गलाई फकाएर, लोभ्याएर, धम्क्याएर, झुक्याएर वा षड्यन्त्र गरेर समाजको उच्च वर्गले उनीहरूलाई कसरी भूमिहीन बनायो भन्ने ऐतिहासिक तथ्यको खुलासा उपन्यासमा भएको छ । एक लाख रुपियाँ हाली चौनीमा घर बनाउन किनेको जग्गामा पनि मालिकले घात गरेको कुरा सुन्न विवश बुधिन र फूलमुनि मालिकका विरुद्ध केही गर्न सक्तैनन् ।

'हेर केटा तैँले जग्गा किनेको त रहेछस्, तर यो तमसुकमा लेखेको कित्ता नम्बर यो जग्गाको होइन । तेरो जग्गाको कित्ता नम्बरचिँ उः त्यो बाटोमा परेछ । (खतिवडा, २०७९, पृ. १५७) ।

मालिकको फट्याइँले बुधिन यसरी लुटिन्छ, फूलमुनिको सपना यसरी टुट्छ । प्रभुत्वशाली वर्गले यसरी निम्न वर्गका मानिसको बास उठाउँछन् ।

'तँ यै ठाउँमा बसेको भन्ने प्रमाण पनि छैन । नेपाली नै होस् भन्ने आधार पनि केही छैन ? सिफारिस दिन मिल्दैन ।' (खतिवडा, २०७९, पृ. १४४) । नागरिकताका लागि वडामा सिफारिस लिन जाँदा आफू नेपाली हुनुको प्रमाण नपाउँदा लाचार भएको बुधिन त्यो वर्गको प्रतिनिधि पात्र हो जो राज्य व्यवस्था र समाज व्यवस्थाको प्रभुत्वशाली वर्गबाट पाइला पाइलामा खेदिएको छ । जसको वर्षौंको श्रमले वस्ती बस्यो उनीहरू त्यही वस्तीका कहिल्यै हुन सकेनन् । उनीहरूले जुन भूमिलाई आफ्नो श्रम र सीपले सिँगारे त्यसलाई प्रभुत्वशाली वर्गले विभिन्न नाममा हडप्यो र उनीहरूलाई आखिर भूमिहीन बनायो । समयको अन्तरालसँगै निम्न वर्गले जङ्गल फाँडेर सुरु गरेका वस्तीमा मालिकका महल बने, नयाँ सहर बस्यो, उनीहरू भने त्यहाँबाट खेदिए, उनीहरू भूमिहीन बनाइए । उपन्यासमा श्रम शोषणमा परेका र भूमिहीन बनाइएका यिनै निम्न वर्गका मानिसको जीवन भोगाइ र सकसपूर्ण जीवन देखाइएको छ ।

यस उपन्यासमा प्रभुत्वशाली वर्गको शोषण र ज्यादतीको विरुद्ध प्रतिरोध थालिएको र मालिकको जग्गामा झन्डा गाडिएको घटनालाई

पनि स्थान दिइएको छ । निम्न वर्गीय पात्र तुरसा सचेत ढङ्गले प्रतिरोधमा उत्रेको पनि छ । मालिकको अन्न चोरिन थालेपछिको घटनासन्दर्भले तुरसाको प्रतिरोधी चेतना उजागर गरेको छ ।

रोपेको पनि हामीले, गोडमेल गरेको, काटेर थन्काको पनि हामीले फेरि उब्जनीचिँ सप्पै उनको कसरी भो ?' (खतिवडा, २०७९, पृ. ८१) ।

तुरसामा प्रतिरोधी चेतना विकास भएको र त्यसको प्रभाव स्वरूप ऊ राति राति घरबाट बाहिरिने गरेको घटनाले पनि पुष्टि गर्छ ।

> हडमबाले तेत्रो दुःख गरेर झोडा फाँडेर बनाएको जमिन हाम्रो नभ'र उनको कसरी ? फेरि त्यो जमिनमा सप्पै काम हामीले गरेपछि फलेको अन्न हाम्रो नभ'र उनको कसरी ?' .... जमिन बनाउने हामी तर मालिक उनेरु, अन्न फलाउने हामी खाने उनेरू ?' (खतिवडा, २०७९, पृ. ८१) ।

तुरसाका उल्लेखित संवादमा उसमा विकसित प्रतिरोधी चेतना स्पष्ट रूपमा देखिन्छ । तर तुरसाले उठाएको विद्रोहको झन्डा पछि मालिकले उठाए, बदलामा मालिकले पहिले झन्डा गाड्नेले कब्जा गरेको जमिन फिर्ता पाए, उच्च पद पनि पाए, तुरसा भने सेनाद्वारा समातियो, मारेर रतुवा खोलामा लास मिल्क्याइयो ।

मालिकको घरमा काम गर्ने गोठालो भएर कहिल्यै बस्न नखोज्ने फूलमुनिमा पनि प्रतिरोधी चेतनाको सानो झिल्को देखिन्छ । छोरा मुङ्लुका लागि आफ्ना देव पुकार्ने फूलमुनि आफ्नो इच्छा छोरामार्फत पूरा होस् भन्ने चाहन्छे ।

> 'पिल्चुहडाम मेरो छोराको हातमा फरुवा नदेऊ है, म आफै कलम दिन्छु उसलाई ।' (खतिवडा, २०७९, पृ. ३१) ।

यस प्रकारको प्रतिरोधी चेतनाको झिल्को बुधिनमा पनि भेटिन्छ ।

> 'म मालिकका घरको गोर हुँ र जुन बेला मन लाग्छ नारेर जोत्ने ? म त आफ्नो मनको मालिक हुँ बुझ्यौ हप्पनबा ?' (खतिवडा, २०७९, पृ. ३९) ।

बुधिन तुरसाबाट प्रभावित त्यस्तो पात्र हो जसले सानैबाट मालिकको दासताबाट आफूलाई मुक्त राख्न अनेकौँ प्रयत्न गऱ्यो । यसरी तुरसा, फूलमुनि र बुधिनमा प्रतिरोधी चेतना देखिए पनि प्रभुत्वशाली वर्गको षड्यन्त्रका अगाडि ती जुध्न र टिक्न सकेको देखिन्न ।

उपन्यासमा समेटिएका उल्लेखित घटना सन्दर्भ र वर्तमानमा निम्न वर्गका मानिसको जीवन भोगाइको वस्तुगत चित्रणले प्रस्तुत आतोओडा उपन्यासमा प्रकट वर्गीय सीमान्तीयतालाई पुष्टि गर्छ ।

### ***लैङ्गिक सीमान्तीयता***

पुरुषलाई केन्द्र मान्ने नेपाली समाज पुरुषप्रधान समाज हो। यस समाजका मूल्य, मान्यता, परम्परा, संस्कार र संस्कृतिले पुरुषलाई महत्त्व दिन्छन् । नेपाली समाजमा विगतदेखि नै पितृसत्ता हाबी भएको देखिन्छ । नेपाली समाजमा पुरुष सत्ताका कारण नारीहरू लामो समयदेखि पुरुषको दासी र दोस्रो दर्जाका नागरिकको रूपमा जीवन बाँच्न विवश छन् । नेपाली समाजमा उल्लेखित कारण लैङ्गिक विभेद रहेको पाइन्छ । लैङ्गिकतालाई जैविकभन्दा पनि सामाजिक-सांस्कृतिक मान्यता मानिन्छ । प्रकृतिले बनाएको भिन्नताबाहेक समाजले महिला र पुरुषका बारेमा जति पनि भिन्नताहरू औँल्याएको छ, त्यो लैङ्गिकता हो (पाण्डे, २०६९, पृ. ९) । परिवार तथा

समाज निर्माणमा नारी र पुरुषको समान भूमिका भए पनि पुरुष सत्ताका कारण नारीलाई समाजमा सीमान्तकृत बनाइएको छ। आतोओडा उपन्यासमा प्रयुक्त नारी पात्र पुरुष सत्ताका कारण सीमान्तकृत जीवन बाँच्न विवश छन्। यस उपन्यासमा आएका नारी पात्र फूलमुनि, लुखी, लट्टुमई, सनुमई, मुन्द्री, गोगो (आमा), विजेकी आमा लगायतका नारीले बेलाबेलामा लैङ्गिक विभेदको सिकार हुनुपरेको छ। फूलमुनिले लोग्ने सुराहीबाट पटक पटक शारीरिक यातना भोग्नुपरेको छ। अर्काको घरमा गोठालाका रूपमा बस्न पटक्कै नरुचाउने फूलमुनि बाध्य भएर मालिककहाँ जानु परेको छ ।

मूलमुनि मालिककहाँ जानु परेको गरिबीका कारण मात्र होइन, लोग्नेलाई साथ दिनुपर्छ भन्ने सामाजिक मान्यताका कारण ऊ त्यहाँ जान विवश भएकी हो। लुखी आफूले रोजेको प्रेम गर्ने मान्छे बुधिनसँग बाप्ला (बिहे) गर्न पाउँदिन। पुरुष सत्ताले उसलाई बिहे भएको ३ महिनामै छोडेको लोग्नेका पछि लाग्न बाध्य पार्छ। लट्टुमई मालिकका घरमा लुटिन्छे, मानसिक चिन्तामा छटपटाउँदै समाजबाटै भाग्न विवश हुन्छे। लुखीलाई हप्पनगो (काकी) ले सम्झाउँदै भनेको 'लोग्ने पनि जिउको लुगा हो र मन परे लगाउने मन नपरे फ्याक्ने' ? (खतिवडा, २०७९, पृ. ९०) भनाइबाट पनि समाजमा नारीको चाहना र रोजाइको कुनै मूल्य नभएको तथ्य स्पष्ट पार्छ।

यस उपन्यासमा प्रयुक्त नारी पात्र आफ्ना इच्छाअनुसार होइन, पुरुष सत्ताद्वारा सृजित मान्यताका आधारमा चल्नुपरेको छ। चोट लाग्दा होस् वा विरामी पर्दा नै किन नहोस् नारी श्रममा खटिनु परेको छ। उनीहरूका चोट र रोग सामान्य ठानिने समाजको यस्तो सामाजिक संरचनामा प्रभुत्वशाली रहेका पुरुष मानसिकता र त्यसले निर्माण गरेका मूल्य मान्यताका कारण नेपाली समाजमा नारीहरू सीमान्तकृत जीवन जिउन विवश छन् भन्ने तथ्य स्पष्ट हुन्छ। पुरुष प्रधान समाज र त्यसको पक्षपोषण गर्ने राज्यसत्ताका कारण उपन्यासका नारी पात्रले अन्याय सहनु परेको, शारीरिक र मानसिक यातना भोग्नु परेको, अस्मिता लुटिँदा निरीह बन्नु परेको र नारी भएकै कारण अनेक कष्ट झेल्दै रगतका आँसु बगाउँदै बाँच्नु परेको लैङ्गिक विभेदका दर्जनौं घटना अभिव्यक्त यस उपन्यासमा लैङ्गिक सीमान्तीयता रहेको तथ्य पुष्टि हुन्छ।

### *जातीय सीमान्तीयता*

आतोओडा पूर्वी नेपालको तराई क्षेत्र र त्यसमा पनि झापा जिल्लाका विभिन्न स्थानमा बसोबास गर्दै आएका अल्पसङ्ख्यक सन्थाल जातिको सामाजिक परिवेशमा रचिएको उपन्यास हो। उपन्यासमा सन्थाल जातिको भाषा, परम्परा र संस्कृतिलाई यथोचित रूपमा स्थान दिइएको छ। सिङ्गो उपन्यासले सन्थाल जातिको सामाजिक, आर्थिक, भाषिक, सांस्कृतिक, राजनीतिक अवस्था र त्यस अवस्थाबाट सृजित जातीय मनोविज्ञानलाई प्रस्तुत गरेको छ। सिकार खेल्दै जीविकोपार्जन गर्ने क्रममा मेचीपुल तरेर जङ्गल फाँडी वस्ती बसाल्ने यो जाति त्यस क्षेत्रमा वस्ती बस्नु पूर्व नै आएको बुझिन्छ। सिकार खेल्ने, माछा मार्ने, खेतीपाती गर्ने सन्थाल जातिका अधिकांश मानिस वर्तमानमा मालिक वा जमिनदारकहाँ हली गोठाला बस्ने र तिनैका ग्वाली (गोठ) मा जीवन निर्वाह गर्दै गरेको भेटिन्छ। वर्तमानमा यो जातिका मौलिक संस्कृति र भाषा त्यस क्षेत्रका प्रभुत्वशाली जातिका संस्कृति र भाषाबाट अतिक्रमित भई सङ्कटावस्थामा पुगेका छन्। तराईका ब्राह्मण, क्षत्री तथा पहाडे जातिबाट यो जाति विभिन्न रूपमा शोषित बनेको

छ, उत्पीडनमा परेको छ । वस्तीको सुरुवात गर्ने यो जातिका अधिकांश मानिसको आफ्नो नाममा जग्गा छैन, जग्गामा बनेको टाउको ओताउने छत पनि छैन । शिक्षाको अवसरबाट वञ्चित यो पौरखी जाति उच्च जातका मानिसबाट वर्षौंदेखि उत्पीडनमा पारिएका छन् । सन्थालले जङ्गल/झाडी फाँडेर सुरु गरेका वस्तीमा आज टाठाबाठा उच्च जातिका महल ठडिएका छन् । उनीहरूले खेतीपाती गर्दै आएका जमिनमा उच्च जातिका मानिने मानिसले कागज मिलाएर कब्जा जमाएका छन् । अक्षर नचिन्ने,, नियम कानुनको जानकारी राख्न नसक्ने सन्थाल जातिका मानिसलाई कथित उपल्लो जातका मानिसले हली, गोठाला, सेवक र दासभन्दा अर्को रूपमा हेरेका र व्यवहार गरेका छैनन् । समाजको यही दृष्टिकोण बनिसकेकाले यो जातिका मानिसमा यस्तै मनोविज्ञानको विकास भएको देखिन्छ ।

> थपक्क मालिकका घरमा हली बसेर जे जे अराउँछन् त्यो नगरेर अनेकथरी तमासा गरी हिँड्छस् ? (खतिवडा, २०७९, पृ. ३९) ।

बुधिन आफ्नै स्वतन्त्र व्यवसाय गर्न हिँड्दा सम्झाउन लागेको शुकरदेवको उक्त भनाइबाट सन्थाल जाति हली गोठाला बन्न नै जन्मेको हो भन्ने जातीय मनोविज्ञानलाई प्रस्ट्याउँछ । यहीँ सन्दर्भमा शुकरदेव थप्छ 'आफ्नो जातले पाको काम गर्नु छैन, अनेक थरी गरी हिँड्छस् ।' (खतिवडा, २०७९, पृ. ३९) । शुकरदेवको यो भनाइबाट सन्थाल जातिका पुराना पुस्तामा कथित उपल्लो जातिको सेवामा खटिनु आफ्नो जातिको कर्तव्य हो भन्ने मनोविज्ञान रहेको स्पष्ट देखिन्छ ।

सोझा, सरल, मिहिनेती र इमानदार सन्थाल जातिका मानिसमा भाग्यमा विश्वास रहेको पाइन्छ । 'आफ्नै जग्गाको मालिक पाउन त पुर्पुरामा लेखेर ल्याउनु पर्छ, त्यसै हुन्छ ।' ( खतिवडा, २०७९, पृ. ८) । फूलमुनिलाई सम्झाउँदै भनेको लुखीको उक्त संवादमा होस् वा 'पुर्पुरामा जे लेखेको छ, तेही हुन्छ, गौरियाको भेल र पुर्पुराको खेललाई कल्ले रोक्न सक्छ र ?' ( खतिवडा, २०७९, पृ. ९) भन्दै छोरीलाई सम्झाउने बाबाको भनाइमा यही भाग्यमा विश्वास गर्ने मनोदशा प्रकट भएको छ ।

तुरसा, फूलमुनि र बुधिनजस्ता यस जातिका नयाँ पुस्तामा यस प्रकारको विभेदकारी जातीय चिन्तनका विरुद्ध प्रतिरोधी चेतना जन्मेको देखिन्छ । तुरसामा यस प्रकारको प्रतिरोधी चेतना अधिक मात्रामा भएकाले विद्रोह गर्दा कथित उपल्लो जातको संरक्षणमा लागेको राज्यसत्ताबाट मारिन्छ भने फूलमुनि र बुधिनको प्रतिरोधी चेताले उठ्ने र विद्रोहको रूप लिनै सक्तैन । आखिर सन्थाल जातिकी युवती लट्टुमई उपल्लो जातिको मालिककहाँ लुटिन्छे भने बुधिनको एक लाख रुपियाँ मालिकले खाइदिन्छ । लुट्ने, पैसा खाइदिने, जग्गा हडप्ने र उनीहरूलाई खेद्ने सबै कथित उपल्लो जातका मानिस नै हुन् । मौलिक भाषा, परम्परा र संस्कृति भएको यो पौरखी सन्थाल जाति उपल्लो जातिका टाठाबाठा मानिसबाट विभिन्न नाममा लटिएका छन्, ठगिएका छन्, भूमिहीन बनाइएका छन् र मुख्य सहर/केन्द्रबाट किनारातिर खेदिएका छन्, विस्थापन गरिएका छन् । उपन्यासमा पाइलो टेक्ने जमिन र ओतलाग्ने छानो जुटाउनका लागि सिङ्गो आयु खर्चेका सन्थाल जातिका मानिसलाई समाज व्यवस्थाका उपल्लो जातिका मानिस र तिनको हित संरक्षणमा केन्द्रित राज्य सत्ताले सीमान्तकृत जीवन बाँच्न विवश बनाएको देखिन्छ । प्रभुत्वशाली जातिले रक्सी खुवाएर, नाटक गरेर, सरकारी नियम सुनाएर, जन्मदर्ता र नागरिकता लिन नमिल्ने परिवेश बनाएर तथा अनेक

जालझेल र षड्यन्त्रका तानाबाना बुनेर अल्पसङ्ख्यक सन्थाल जातिलाई पहिचानहीन बनाएका छन् । यसरी आफ्नो इतिहास गुमाउँदै, पहिचान गुमाउँदै, शरणार्थी बन्दै, भूमिहीन हुँदै, छेउतिर खेदिँदै सीमान्तकृत जीवन बाँच्न विवश बनेको सन्थाल जातिको वास्तविक जीवन भोगाइका अनेक घटना सन्दर्भ समेटिएको प्रस्तुत उपन्यासमा जातीय सीमान्तीयता रहेको कुरा स्पष्ट हुन्छ ।

## निष्कर्ष

उपन्यासकार जानुका खतिवडाद्वारा लेखिएको आतोओडा उपन्यासमा नेपाली समाजको वर्गीय, लैङ्गिक र जातीय पहिचान र प्रतिनिधित्वको विषय सशक्त रूपमा चित्रण गरिएको छ । यसले सन्थाल जातिको सीमान्तीय अवस्था विशेषलाई उजागर गरेको छ। पूर्वी नेपालको झापा जिल्लाका विभिन्न स्थानमा बसोबास गर्ने सन्थाल जातिको गाउँवस्तीको रहनसहन, जीवनशैली र संस्कृतिलाई मूल आधार बनाई लेखिएको प्रस्तुत उपन्यासमा सन्थाल भाषाका शब्द र स्थानीय लवजलाई महत्त्वका साथ समेटिएको छ। पछिल्लो समय नेपाली समाजमा विकास हुँदै गएको बहुल चेतनालाई आत्मसात् गर्दै वर्ग, लिङ्ग र जातिका आधारमा सीमान्तकृत बनेका जाति समुदायको आवाजलाई यस उपन्यासमा जीवन्त रूपमा व्यक्त गरिएको पाइन्छ । सीमान्तकृत वर्गले आफ्नो आवाज आफै उठाउन सक्तैनन् । गायत्री स्पिवाकले जे जस्तो भए तापनि बौद्धिक वर्गले सबअल्टर्न समूहहरूको प्रतिबिम्बन/प्रतिनिधित्व गर्ने काम छोड्नु हुँदैन भने झैं जानुका खतिवडाले सीमान्तकृत सन्थाल जातिको प्रतिबिम्बन यस उपन्यासमा गरेको देखिन्छ । उपन्यासमा प्रभुत्वशाली वर्गका पात्रहरूले विपन्न वर्गका पात्रहरूलाई शोषण, दमन र अन्याय गरेका अनेक घटना सन्दर्भ, पुरुषकेन्द्री सत्ता र मानसिकताका कारण पुरुषद्वारा शारीरिक र मानसिक यातना भोग्न विवश भएका नारीका भोगाइ समेटिएका अनेकौं घटना सन्दर्भ तथा कथित उच्च जातका मानिसद्वारा सन्थालजातिलाई हेपेर गरिएका अनेकौं विभेदपूर्ण व्यवहारलाई मर्मस्पर्शी रूपमा देखाइएको छ । मूलतः नेपाली समाजमा आर्थिक विपन्न भन्नेमाथि सम्पन्न व्यक्तिहरूले गर्ने दुर्व्यवहार र त्यसका कारण उनीहरूको जीवनशैलीमा परेको गम्भीर नकारात्मक असरलाई यस उपन्यासमा विषयवद्ध गरिएको छ । समाज आफैले सिर्जना गरेको जात र त्यसका आधारमा गर्ने विभेदजन्य क्रियाव्यपारलाई यस उपन्यासमा सुन्दर ढङ्गले आख्यानीकरण गरिएको छ। यसका साथै समाजमा मानिसको मनोबललाई निरुत्साहित गर्ने अर्को पक्ष लैङ्गिक विभेदलाई पनि मूल विषय बनाउँदै यसका माध्यमबाट मूलतः नारी पात्रले भोग्नुपरेका यातनाजन्य समस्यालाई यस उपन्यासमा गहन ढङ्गले उजागर गरिएको छ । आफ्नो जातिमाथि वर्षौंदेखि भएका शोषण, दमन र ज्यादतीका विरुद्ध यस जातिका नयाँ पुस्तामा प्रतिरोधी चेतना जन्मे पनि त्यसको विकास हुन नसकेको अवस्था देखिन्छ। सन्थाल जातिको बहुआयामिक पक्ष समेटिएको यस उपन्यासमा मूलतः वर्गीय, लैङ्गिक र जातीय सीमान्तीयता पाइन्छ ।

## सन्दर्भ सामग्रीसूची

उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा* (चौथो संस्क.), अक्षर क्रिएसन नेपाल ।

खतिवडा, जानुका (२०७९), *आतोओडा,* कलम प्रकाशन ।

पाण्डे, ज्ञानु (२०६९), *नेपाली उपन्यासमा लैङ्गिकता,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

बराल, ऋषिराज (२०७७), *मार्क्सवाद र सबाल्टर्न अध्ययन,* साझा प्रकाशन ।

भट्टराई, गोविन्दराज (२०६४), *उत्तरआधुनिक विमर्श,* मोडर्न बुक्स ।

शर्मा, मोहनराज (२०७०), 'अवरजन अध्ययन साहित्य', *भृकुटी,* भाग १९, पृ. ३१४-३२५ ।

श्रेष्ठ, तारालाल (२०६८), *शक्ति, स्रष्टा र सबाल्टर्न,* डिस्कोर्स पब्लिकेसन ।

सुब्बा, मनप्रसाद (सन् २०११), 'केन्द्र बनाम किनारा', *किनारा विमर्श,* पृ. ५८-६०) ।

सुवेदी, राजेन्द्र (२०६८), अभिघात सिद्धान्त, *रत्न बृहत् नेपाली समालोचना* (सैद्धान्तिक खण्ड), राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), रत्न पुस्तक भण्डार ।